# केन्द्रीय विश्वविद्यालयका रूपमा त्रिभुवन विश्वविद्यालय

## अवधारणा पत्र

त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
२०६९

केन्द्रीय विश्वविद्यालयको रुपमा त्रिभुवन विश्वविद्यालयलाई रुपान्तरण गर्न आवश्यक अवधारणा पत्र तयारी सम्वन्धमा त्रि.वि. कार्यकारी परिषद्बाट मिति २०६९।११।१८ मा गठित समितिहरु :

(क) उच्चस्तरीय समिति :

| | | |
|---|---|---|
| १. | प्रा. गुणनिधि न्यौपाने, शिक्षाध्यक्ष, त्रि.वि. कीर्तिपुर | संयोजक |
| २. | प्रा.डा. राममान श्रेष्ठ, अवैतनिक विशिष्ट सल्लाहकार, त्रि.वि. कीर्तिपुर | सदस्य |
| ३. | प्रा.डा. प्रकाश मान श्रेष्ठ, डीन, शिक्षाशास्त्र संकाय, त्रि.वि. कीर्तिपुर | सदस्य |
| ४. | प्रा.डा. प्रकाश सायमी, डीन, चि.शा.अ.संस्थान, महाराजगंज | सदस्य |
| ५. | प्रा.डा. भरतराज पहारी, डीन, ई.अ. संस्थान, पुल्चोक | सदस्य |
| ६. | प्रा.डा. विद्याकिशोर राय, डीन, कानून संकाय, प्रदर्शनीमार्ग | सदस्य |
| ७. | प्रा.डा. देवराज अधिकारी, डीन, व्यवस्थापन संकाय, कीर्तिपुर | सदस्य |
| ८. | प्रा.डा. चिरञ्जीविप्रसाद उपाध्याय, डीन, वन विज्ञान अ. संस्थान, पोखरा | सदस्य |
| ९. | श्री चिरिकशोभा ताम्राकार, डीन, वि.प्र.अ. संस्थान, कीर्तिपुर | सदस्य |
| १०. | प्रा.डा. नरेन्द्रकुमार चौधरी, डीन, कृषि तथा पशु वि.अ. संस्थान, रामपुर | सदस्य |
| ११. | डा. चिन्तामणि पोखरेल, डीन, मा.सा. संकाय, कीर्तिपुर | सदस्य |
| १२. | प्रा.डा. रामप्रसाद चौधरी, कार्यकारी निर्देशक, व्य.वि.प्र.अ. केन्द्र, कीर्तिपुर | सदस्य |
| १३. | प्रा.डा. कृष्णचन्द्र शर्मा, कार्यकारी निर्देशक, शि.वि.अ. केन्द्र, कीर्तिपुर | सदस्य |
| १४. | श्री नानीराम खत्री, कार्यकारी निर्देशक, ने.ए.अ. केन्द्र, कीर्तिपुर | सदस्य |
| १५. | श्री रामचन्द्र ढकाल, कार्यकारी निर्देशक, आ.वि.प्र. अ. केन्द्र, कीर्तिपुर | सदस्य |
| १६. | डा. चन्द्रमणि पौडेल, रजिष्ट्रार, त्रि.वि. कीर्तिपुर | सदस्य सचिव |

(ख) उपसमीति

| | | |
|---|---|---|
| १. | प्रा.डा.राममान श्रेष्ठ, अवैतनिक विशिष्ट सल्लाहकार, त्रि.वि. कीर्तिपुर | संयोजक |
| २. | प्रा.डा.देवराज अधिकारी, डीन, व्यवस्थापन संकाय, कीर्तिपुर | सदस्य |
| ३. | प्रा.डा.प्रकाश मान श्रेष्ठ, डीन, शिक्षाशास्त्र संकाय, त्रि.वि. कीर्तिपुर | सदस्य |
| ४. | डा.चिन्तामणि पोखरेल, डीन, मा.सा. संकाय, कीर्तिपुर | सदस्य |
| ५. | श्री चिरिकशोभा ताम्रकार, डीन, वि.प्र.अ. संस्थान, कीर्तिपुर | सदस्य |
| ६. | प्रा.डा.रामप्रसाद चौधरी, कार्यकारी निर्देशक, व्य.वि.प्र.अ. केन्द्र, कीर्तिपुर | सदस्य |

अवधारणा पत्र तयारीका सिलसिलामा आमन्त्रित व्यक्तिहरु :

१ डा. बालमुकुन्द भण्डारी, कार्यकारी निर्देशक, अ.म.केन्द्र, त्रि.वि. कीर्तिपुर

२. श्री रामबहादुर पाण्डे क्षेत्री, प्रमुख, समन्वय महाशाखा, त्रि.वि. कीर्तिपुर

३. श्री भैया खनाल, प्रमुख, प्रा. वि. संग्रहालय, स्वयम्भू

४. श्री भोलाप्रसाद ढकाल, प्रमुख, सा.प्र. महाशाखा, त्रि.वि. कीर्तिपुर

५. श्री गोविन्दबहादुर प्रधान, कार्यकारी सचिव, कार्यकारी परिषदको कार्यालय, त्रि.वि.कीर्तिपुर

६. श्री राजेन्द्रबहादुर श्रेष्ठ, प्रमुख, आ.प्र. महाशाखा, त्रि.वि. कीर्तिपुर

# विषय सूची

पृष्ठ


पृष्ठभूमि १

उद्देश्य २

त्रि.वि.को वर्तमान स्वरूप र संरचना २

भौतिक पूर्वाधार ५

चुनौतिहरू ५

त्रि.वि. लाई केन्द्रीय विश्वविद्यालयका रूपमा रूपान्तरका सम्बन्धमा ५

६.१ नेपाल सरकार मन्त्रि परिषदको मिति २०६९।९।२४ को निर्णय ५

७. केन्द्रीय विश्वविद्यालय हुनका लागि आवश्यक आधारहरू ७

८. त्रि.वि.लाई केन्द्रीय विश्वविद्यालय वनाउन आवश्यक थप आधारहरू ९

९. केन्द्रीय विश्वविद्यालयको आधारभूत चरित्र १०

९.१ सरकारको दायित्व १०

९.२ जनशक्ति विकासको दायित्व १०

९.३ अनुसन्धानमा आधारित विश्वविद्यालय १०

९.४ गुणस्तरको केन्द्र १०

९.५ सहकार्यको संस्कृति ११

९.६ सुशासन ११

१०. विश्वस्तरको विश्वविद्यालयको पहिचानका आधारहरू ११

# केन्द्रीय विश्वविद्यालयका रूपमा त्रिभुवन विश्वविद्यालय

# अवधारणा पत्र

१. पृष्ठभूमि

नेपालमा उच्च शिक्षाको प्रारम्भ वि.सं. १९७४ मा स्थापित त्रिचन्द्र कलेजबाट भएको हो । त्रिभुवन विश्वविद्यालयको स्थापना पूर्व यो कलेज भारतको पटना युनिभर्सिटीको सम्वन्धनमा सञ्चालित थियो । त्यसपछि वि.सं. २००४ मा संस्कृत महाविद्यालयको स्थापना भयो । यो महाविद्यालय वनारस संस्कृत विश्वविद्यालयको सम्वन्धनमा सञ्चालित थियो । एवं रितले देशमा अन्य उच्च महाविद्यालयहरू पनि स्थापित हुँदै गए । वि.सं. २०१० सम्मको अवधिमा नेपालमा डिग्री कलेज ७, इण्टरमिडियट कलेज ७ र अन्य ७ गरी जम्मा २१ वटा कलेजहरू स्थापना भइसकेका थिए । त्यस वखतको तथ्याङ्क अनुसार यी २१ वटा कलेजमा अध्ययन गर्ने विद्यार्थी संख्या १३१६ र शिक्षक संख्या १४३ भएको देखिन्छ । उच्च शिक्षामा जन चाहना बढ्दै गएको र भारतका विश्वविद्यालयहरूमा उच्च शिक्षाको लागि विद्यार्थी जाने क्रम वढ्दै गएकोले स्वदेशमै विश्वविद्यालय स्थापना गर्ने तर्फ पहल कदमी शुरु भयो । फलस्वरूप वि.सं. २०१२ सालमा विश्वविद्यालय स्थापनार्थ गठित आयोगले पूर्वाधार तयार पा-यो । २०१६, २०२८ र २०४९ का त्रि.वि. ऐनले विश्वविद्यालय स्थापना र सञ्चालनका लागि कानुनी आधार दिएका छन् । वि.सं. २०१६ सालमा विधिवत रूपमा त्रिभुवन विश्वविद्यालयको स्थापना भयो । त्रिभुवन विश्वविद्यालयको स्थापना पछि देशका सवै डिग्री र इण्टरमिडियट कलेजहरूलाई त्रि.वि.को सम्वन्धन प्राप्त भयो । यी कलेजहरूमा नयाँ नयाँ विषयहरू थप हुँदै गए । एवं रितले अरु नयाँ कलेजहरू पनि खुल्दै गए । वि.सं. २०२८ साल सम्म देशमा ४२ वटा कलेज खुलिसकेका थिए । यी मध्ये निम्नानुसारका ७ वटा - १) त्रिचन्द्र कलेज, २) पद्मकन्या कलेज, ३) पाटन कलेज, ४) कलेज अफ एजुकेशन (कीर्तिपुर) ५) वाल्मीकि संस्कृत महाविद्यालय, ६) ललितकला महाविद्यालय र ७) कृषि कलेज (पाटन) सरकारी कलेजहरू थिए ।

वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भयो र त्रि.वि. मा सम्बन्धनका लागि परेका निवेदनहरूको कारवाही स्थगन गरियो । राष्ट्रिय शिक्षा पद्धतिको योजनाको नीति अनुरूप सवै सरकारी एवं निजी क्षेत्रका कलेजहरू त्रिभुवन विश्वविद्यालयका आङ्गिक कलेजमा रूपान्तिरत भए । समय समयमा देशको आवश्यकता अनुसार नयाँ क्याम्पसहरू स्थापना गर्दै जाँदा हाल त्रि.वि. का आङ्गिक क्याम्पस (कलेज) हरूको संख्या ६० पुगेको छ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि त्रि.वि.को परीक्षा प्रणाली सेमेष्टर प्रणालीमा परिणत भयो; जुन धेरै टिकाउ हुन सकेन । २०३७ सालदेखि पुनः वार्षिक परीक्षा प्रणाली सुरु भयो तर त्रि.वि.ले तोकेका विषयहरू र प्राविधिक अध्ययन संस्थान अन्तर्गतका कार्यक्रमहरूमा भने सेमेष्टर प्रणाली कायमै रहेको देखिन्छ । यसरी देशका ७ वटै सरकारी एवं अन्य कलेजहरू त्रि.वि.को आङ्गिक क्याम्पसको रूपमा रूपान्तरित भएपछि सरकारले सरकारी कलेजलाई दिँदै आएको वजेट र अन्य प्राइभेट कलेजहरूलाई छुट्टा-छुट्टै दिँदै आएको अनुदान समेत सम्पूर्ण त्रि.वि.को वार्षिक वजेट नेपाल सरकारवाट अनुदानको रूपमा त्रि.वि.मा आउन थाल्यो । जुन यथावत कायमै रहेको छ । त्यसैले त्रिभुवन विश्वविद्यालय अघोषित रूपमा यो सरकारी विश्वविद्यालय नै हो ।

वि.सं. २०३७ सालपछि त्रिभुवन विश्वविद्यालयले पुन: क्याम्पसहरूलाई सम्बन्धन दिन सुरु गऱ्यो । हाल आएर सम्वन्धन प्राप्त क्याम्पसहरूको संख्या ८३२ पुगिसकेको छ । देशमा हाल विभिन्न विश्वविद्यालयहरू स्थापना भई संचालनमा आएका अन्य विश्वविद्यालय खुल्ने क्रम जारी छ । यस सम्बन्धमा अन्य विश्वविद्यालय भन्दा फरक प्रकृतिको राष्ट्रिय गरिमाको द्योतक केन्द्रीय विश्वविद्यालय आजको आवश्यकता हो । **यस्तो केन्द्रीय विश्वविद्यालय राष्ट्रिय रूपमा कार्यक्रमिक दृष्टिले, जनशक्ति र प्राज्ञिक** दृष्टिले त्रि.वि. को वर्तमान संरचनाका आधारमा सम्भव देखिन्छ । यस केन्द्रीय विश्वविद्यालयको निम्नानुसारका निश्चित उद्देश्यहरू देखिन्छन् ।

## २. उद्देश्य

(१) अनुसन्धानमुखी विश्वविद्यालय वनाउने ।

(२) शिक्षण र अनुसन्धानबीच समन्वयका लागि विद्यमान अनुसन्धान महाशाखा र अनुसन्धान केन्द्रहरूलाई समन्वय गरी त्यहाँ भएका प्रत्येक अनुसन्धान कार्यलाई सम्बन्धित संस्थान र संकायको पठन पाठनकार्यसँग संलग्न सम्बन्ध आवश्यक संयन्त्र बनाउने ।

(३) अनुसन्धानका आधारमा पदोन्नति र सोका लागि सम्बन्धित जनशक्तिलाई प्रवेशका लागि विद्यावारिधि अनिवार्य गर्ने त्यो नहुँदासम्म एम.फिल. अनिवार्य गर्ने ।

(४) अन्तर्राष्ट्रिय रूपमा ख्याति प्राप्त विश्वविद्यालयका अनुसन्धान कार्यहरूसँग अनुवन्धन गर्ने ।

(५) प्रत्येक संकाय र संस्थानको प्राज्ञिक उन्नयन मापनका लागि वार्षिक प्रकाशन प्रक्रिया अनिवार्य हुनुपर्ने र सो नै मूल्याङ्कनको आधार हुनुपर्ने ।

६. केन्द्रीय विश्वविद्यालयको अवधारणलाई कार्यान्वयन गर्न त्रि.वि.ले अन्तराष्ट्रिय मापदण्डका आधारमा कर्मचारी छनौट, वृत्ति विकास र अन्य व्यवस्था गर्नुपर्ने ।

## ३. त्रि.वि.को वर्तमान स्वरूप र संरचना

अध्ययन-अध्यापन र अनुसन्धानका कार्यक्रमहरू व्यवस्थित र उपलब्धिमूलक ढङ्गवाट सञ्चालन गर्न प्राविधिक शिक्षातर्फ अध्ययन संस्थान र साधारण शिक्षातर्फ संकायमा विभाजन गरी अन्तर्राष्ट्रिय स्तरको गुणात्मक शिक्षा प्रदान गर्न यो विश्वविद्यालय उद्धत छ ।

**(क) अध्ययन संस्थान तर्फ**

- विज्ञान तथा प्रविधि अध्ययन संस्थान
- कृषि तथा पशु विज्ञान अध्ययन संस्थान
- चिकित्सा शास्त्र अध्ययन संस्थान
- इन्जिनीयरिङ्ग अध्ययन संस्थान
- वन विज्ञान अध्ययन संस्थान

(ख) संकाय तर्फ

- मानविकी तथा सामाजिक शास्त्र संकाय
- शिक्षा शास्त्र संकाय
- व्यवस्थापन संकाय
- कानून संकाय

सबै अध्ययन संस्थान र संकाय अन्तर्गत विद्यावारीधि सम्मका उपाधि प्रदान हुने कार्यक्रमहरू सञ्चालित छन् । समयको माग अनुसार नयाँ-नयाँ विषयहरूको अध्ययन अनुसन्धानका कार्यक्रमहरू थपिँदै गएका छन् । समय सापेक्षिक हिसावले सबै विषयका पाठ्यक्रमहरू परिमार्जन गरिएका छन् । प्राज्ञिक उन्नयनका निमित्त पाठ्यक्रम निर्माण र परिमार्जनका लागि विषय समीति, विद्यापरिषद र प्राज्ञिक परिषद सकृय रहनु त्रिभुवन विश्वविद्यालयको सकारात्मक पक्ष हो ।

(ग) **अनुसन्धान केन्द्रहरू**

विभिन्न क्षेत्रमा अनुसन्धान गरी अध्ययन अध्यापन तथा राष्ट्र विकासमा सहयोग पुऱ्याउन त्रि.वि.मा ४ वटा अनुसन्धान केन्द्रहरू समेत स्थापित छन् । जसले सीमित साधन श्रोतका वावजुद पनि आफ्ना कार्यक्रमहरू सञ्चालन गरिरहेका भएपनि यी अनुसन्धान केन्द्रहरुलाई समसामयिक रुपमा विकास गराउन पर्ने भएको छ । हाल निम्न अनुसन्धान केन्द्रहरु कार्यरत रहेका छन् :

- आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र
- नेपाल र एशियाली अनुसन्धान केन्द्र
- व्यवहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र
- शिक्षा विकास तथा अनुसन्धान केन्द्र

(घ) **क्याम्पसहरू**

६० वटा आङ्गिक र ८३२ वटा सम्वन्धन प्राप्त (निजी तथा सामुदायिक) क्याम्पसहरूमा अध्ययन अध्यापन भैरहेको छ । आ.व. २०६८/०६९ को तथ्याङ्क अनुसार त्रि.वि.का आङ्गिक क्याम्पसहरूमा अध्ययनरत विद्यार्थीहरूको संख्या १,४३,८९९ छ । त्यस्तै सो वर्षमा सम्वन्धन प्राप्त क्याम्पसहरूमा अध्ययनरत विद्यार्थीहरूको संख्या २,२९,९४७ छ । अर्थात त्रिभुवन विश्वविद्यालयमा विद्यार्थीहरूको संख्या जम्मा ३,७३,८४६ छ । यो संख्याले यो प्रष्ट पार्दछ कि त्रि.वि.ले भण्डै ९०% भन्दा वढी उच्च शिक्षाको भार वहन गरी राष्ट्रको सेवा गरिरहेको छ ।

(ङ) **शिक्षक कर्मचारी संख्या**

राष्ट्रको ९०% भन्दा वढी उच्च शिक्षाको भार वहन गर्न त्रि.वि.मा स्थायी र करार गरी ७९५० जना शिक्षक र ७२४६ जना कर्मचारीहरू कार्यरत छन् । यसको अतिरिक्त विभिन्न क्याम्पसहरूमा आवश्यकता अनुसार पार्टटाइम शिक्षकहरू र दैनिक ज्यालादारीमा कर्मचारीहरू समेत कार्यरत छन् ।

(च) **उच्च कोटीको अस्पताल**

राष्ट्रकै गौरवको रूपमा रहेको त्रि.वि. शिक्षण अस्पतालले नेपाली जनतालाई उच्च कोटीको स्वास्थ्य सेवा मात्र पुऱ्याएको छैन अन्तर्राष्ट्रिय वजारमा विक्न सक्ने जनशक्ति समेत उत्पादन गर्न सहयोग गरिरहेको छ । यो अस्पताल त्रि.वि.को अर्को महत्त्वपूर्ण अङ्ग हो । त्यस्तै कीर्तिपुरमा आयुर्वेद अस्पतालले पनि अध्ययन, अध्यापन र स्वास्थोपचारमा सेवा दिँदै आएको छ ।

(छ) **विश्वविद्यालय क्याम्पस**

त्रिभुवन विश्वविद्यालयका ६० वटा आङ्गिक क्याम्पसहरूमध्ये विश्वविद्यालय क्याम्पस कीर्तिपुरलाई केन्द्रीय क्याम्पसको रूपमा सञ्चालन गरिएको को छ । विज्ञान तथा प्रविधि अध्ययन संस्थान र अन्य संकायहरू अन्तर्गतका ३९ वटा केन्द्रीय विभागहरूमध्ये ३१ वटा केन्द्रीय विभागहरू यहि क्याम्पस अन्तर्गत कीर्तिपुर परिसरमा छन् । हालै आएर यो क्याम्पसलाई त्रिभुवन विश्वविद्यालयको अनुसन्धानमूखी उत्कृष्टताको केन्द्रको रूपमा विकास गर्ने लक्ष्य राखी एउटा कार्यदल बनाइएको थियो । त्यस कार्यदलले यसलाई कसरी उत्कृष्ट केन्द्र बनाउने भन्नेबारे प्रतिवेदन बुझाएको छ । प्रतिवेदनको सुझाव अनुरूप गर्ने भावी योजना रहेको छ ।

(ज) **प्राकृतिक विज्ञान संग्रहालय**

प्राकृतिक विज्ञान संग्रहालय त्रिभुवन विश्वविद्यालयको अर्को महत्त्वपूर्ण अङ्ग हो । जहाँ दुर्लभ जीव जन्तु र वनस्पतिको संग्रह गरिएको छ । यसले अध्ययन अनुसन्धान र पर्यटन प्रवर्द्धनमा समेत प्रत्यक्ष सहयोग पुऱ्याएको छ । तर यसलाई व्यवस्थित रूपमा सञ्चालन गर्न धेरै चुनौतिहरू पनि विद्यमान छन् ।

(झ) **म्यूजियम कम्प्लेक्स**

वन विज्ञान अध्ययन संस्थान डीनको कार्यालय अन्तर्गत हेटौंडामा राखिएको म्यूजियमस्थलमा प्राकृतिक स्रोत र सम्बन्ध तथा त्यसवाट हुने प्रभावका बारेमा अध्ययन अनुसन्धान गर्न भारत सरकारको सहयोगमा निर्मित म्यूजियम एवं डकुमेन्टेसन केन्द्रले अध्ययन अनुसन्धानमा सहयोग गरेको र अध्ययन अनुसन्धानका लागि मार्ग प्रशस्त गर्ने काममा चिनारी समेत पुऱ्याउने काम गरेको छ । तसर्थ यसलाई भविष्यमा प्राकृतिक स्रोतको अध्ययन तथा अनुसन्धानको निरन्तरताका लागि विकसित तुल्याउँदै लैजाने उद्देश्यले यसको सम्बर्धन र प्रवर्धन गरिनेछ ।

वन, वातावरण एवं स्रोत व्यवस्थान सम्बन्धी अध्ययन अध्यापन गर्न तराई वा भित्री मधेश र पहाडी क्षेत्रमा दुई स्थानका कार्यक्रम संचालन हुने छन् ।

वन विज्ञान, वातावरण एवं स्रोत व्यवस्थापन सम्बन्धी अनुसन्धान कार्यका लागि नेपालको परिस्थितिको आधारमा वन विज्ञान अध्ययन संस्थान, हेटौडा क्याम्पस बाहेक थप ती तराई, पहाडी र हिमाली क्षेत्रहरूमा अध्ययन केन्द्र स्थापना गरी अनुसन्धान कार्य संचालन गरी गरिबी निवारणमा योगदान गरिनेछ ।

हिमाली र उच्च पहाडी क्षेत्रमा रहेका जडीबुटी र औषधीमूलक स्रोतको परिचालन गरी आर्थिक आर्जन गरी त्रि.वि. को आर्थिक भारलाई न्यूनीकरण गरी स्वावलम्वन बनाइनेछ ।

## ४. भौतिक पूर्वाधार

मानव श्रोत, साधन र देशका विभिन्न स्थानमा फैलिएका आङ्गिक क्याम्पस तथा भौतिक संरचनाको हिसावले त्रिभुवन विश्वविद्यालय विश्वका केहि ठूला विश्वविद्यालयहरूमध्ये एक हो । विद्यमान भौतिक पूर्वाधारको उचित व्यवस्थापन र अधिकतम सदुपयोगको आवश्यकता भने छँदैछ ।

## ५. चुनौतिहरू

सर्वसाधारण जनताको व्यापक पहुँच भएको त्रिभुवन विश्वविद्यालयसँग पूर्वाधार र सम्भावना भएता पनि हाल यसले सामना गर्नुपरेका प्रमुख चुनौतिहरू यस प्रकार छन्

(१) भौतिक पूर्वाधार भएतापनि तिनीहरूको उचित परिचालन हुन नसक्नु

(२) शैक्षिक कार्यक्रमलाई अधिकतम जनउपयोगी, बजारमुखी र सीपमूलक वनाउन पर्ने

(३) आर्थिक व्यवस्थापनको चुनौति

(४) देशमा उत्पन्न राजनीतिक अस्थिरताको प्रभाव

(५) त्रि.वि. को परम्परागत ढाँचा र व्यवस्थापन, पढाइ र सिकाइमा मात्र केन्द्रित शिक्षण विधि

## ६. त्रि.वि. लाई केन्द्रीय विश्वविद्यालयका रूपमा रूपान्तरका आधारहरु

### ६.१ नेपाल सरकार मन्त्रि परिषदको मिति २०६९।९।२४ को निर्णय

संसारका प्राय सबै देशमा सरकारले नै सम्पूर्ण दायित्व लिनेगरी सरकारी वा केन्द्रीय विश्वविद्यालयहरू स्थापना गरी सञ्चालन गरेको पाइन्छ, जुन नेपालमा औपचारिक रूपमा हुन सकेको थिएन । त्रिभुवन विश्वविद्यालय सञ्चालनमा सरकारको तर्फबाट अधिकांश दायित्व वहन भएतापनि यसले केन्द्रीय विश्वविद्यालयको औपचारिकता पाउन सकेको थिएन । हाल देशमा ९ वटा विश्वविद्यालय र ३ वटा मानित विश्वविद्यालय स्थापना भइसकेको अवस्थामा देशकै सबैभन्दा पुरानो र ठूलो विश्वविद्यालयको हैसियत भएको त्रिभुवन विश्वविद्यालयलाई नेपाल सरकार मन्त्री परिषदको मिति २०६९।९।२४ को वैठकले केन्द्रीय विश्वविद्यालयको मान्यता प्रदान गर्ने सैद्धान्तिक सहमति गरेकोछ ।

नेपाल सरकार (मं.प.) को मिति २०६९/०९/२४ को निर्णय अनुसार "त्रिभुवन विश्वविद्यालयलाई अनुसन्धान र उत्कृष्टताको केन्द्रको रूपमा केन्द्रीय विश्वविद्यालयको मान्यता प्रदान गर्न सैद्धान्तिक सहमति दिने र सो सम्वन्धमा नीतिगत, संस्थागत र कानूनी व्यवस्था गर्न शिक्षा मन्त्रालयबाट छुट्टै कार्यदल गठन गरी प्रक्रिया अघि वढाउने" निर्णय भई सोका सम्बन्धमा राय/सुझावका लागि सो मन्त्रालयबाट त्रिभुवन विश्वविद्यालयमा पत्राचार भएको छ ।

केन्द्रीय विश्वविद्यालयको मान्यता प्राप्त गर्ने त्रिभुवन विश्वविद्यालयले के कस्तो सोच राखेको छ सो विश्वविद्यालयबाट विश्वविद्यालयको स्वरूप, कार्यक्रम, कार्यान्वयन गर्दा चाहिने शिक्षक, कर्मचारी र विद्यार्थीको मापदण्ड, सरकारले दिनु पर्ने आर्थिक सहयोग, विश्वविद्यालयले निर्वाह गर्ने सामाजिक शैक्षिक दायित्व समेत उल्लेख गरी ३ हप्ता भित्र प्रस्तावना बनाउने र सो प्रस्तावना प्राप्त भएपछि आवश्यक छलफल गरी

निर्णय लिने भनी मिति २०६९/११/१७ मा विश्वविद्यालय अनुसन्धान आयोगबाट निर्णय भएको समेत देखिन्छ।

नेपाल सरकारको उक्त निर्णयलाई मूर्त रूप दिन के-कस्तो नीतिगत, संस्थागत र कानूनी व्यवस्था गर्नुपर्ला भन्ने बारेमा शिक्षा मन्त्रालयबाट त्रि.वि.सँग राय सुझाव समेत माग भई आएको अवस्थामा त्रि.वि.लाई केन्द्रीय विश्वविद्यालयमा रूपान्तरण गर्नुपर्ने औचित्य निम्न आधारहरूमा देखिन्छ :

(१) नेपालको सबैभन्दा पुरानो र ठूलो विश्वविद्यालय

(२) सर्वसाधारणको व्यापक पहुँच भएको विश्वविद्यालय

(३) हाम्रो देशमा सबैभन्दा बढि विभिन्न विषयमा अध्ययन, अध्यापन र अनुसन्धानका कार्यक्रम सञ्चालन भएको विश्वविद्यालय

(४) विभिन्न क्षेत्रमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका र कुशल जनशक्ति भएको विश्वविद्यालय

(५) अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति कमाइसकेको विश्वविद्यालय

(६) देशको उच्च शिक्षाको क्षेत्रमा नेतृत्व वहन गर्दै आएको विश्वविद्यालय

(७) भौतिक श्रोत, पूर्वाधार र साधनको प्रचुरता भएको विश्वविद्यालय

(८) राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि सरकारी कलेज तथा पब्लिक कलेजहरू र तिनीहरूको भौतिक सम्पत्ति र जनशक्ति यसैमा समाहित भएको विश्वविद्यालय

(९) सबैभन्दा बढि शैक्षिक तथा बौद्धिक जनशक्ति भएको विश्वविद्यालय

(१०) देशका अधिकांश जनतालाई कुनै प्रकारको भेदभावविना सर्वसुलभ तरीकाले शिक्षाको अवसर प्रदान गर्दै आएको विश्वविद्यालय

(११) देश संघीयताको अवधारणामा अगाडि बढिसकेको परिवेशमा सरकारले त्रि.वि.लाई केन्द्रीय विश्वविद्यालयको मान्यता प्रदान गर्ने सैद्धान्तिक सहमति गरिसकेको अवस्था

(१२) विदेशी शैक्षिक उपाधिहरूलाई त्रि.वि.ले समकक्षता (Equivalence) निर्धारण गरेपछि मात्र ती उपाधिहरूलाई नेपाल सरकारले मान्यता दिने नेपाल लोक सेवा आयोगको कानूनी व्यवस्था

(१३) त्रि.वि. अन्तर्गतका क्याम्पसहरूमा अध्ययनार्थ आउने विदेशी विद्यार्थीहरूको संख्या दिन-प्रतिदिन बढ्दो

(१४) त्रि.वि. केन्द्रीय पुस्तकालय र क्याम्पस पुस्तकालयमा e-library को व्यवस्था शुरु

(१५) नेपाल सरकारको नीति अनुरूप महिला, जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रको निमित्त त्रि.वि. सेवा प्रवेशमा आरक्षण कोटाको व्यवस्था भएको विश्वविद्यालय

(१६) विश्वका १२७ विश्वविद्यालयहरूसँग सम्बन्ध स्थापना भइसकेको अवस्था

(१७) खेलकूद तथा अतिरिक्त क्रियाकलापको व्यवस्था भएको विश्वविद्यालय । यस सम्बन्धमा त्रि.वि.मा अध्ययनरत विद्यार्थीहरुको क्षमता र खेल प्रदर्शनका आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा उनीहरुलाई परिचय हुने अवसर दिलाउनु पर्ने

(१८) त्रि.वि.को स्थापनादेखि वि.सं. २०४८ सम्म संस्कृत विश्वविद्यालय (२०४३) लाई छाडेर उच्च शिक्षाको एउटा मात्र विश्वविद्यालय त्रिभुवन विश्वविद्यालय भएको

(१९) सरकारद्वारा स्थापित संरक्षित विकास भएको विश्वविद्यालय

(२०) स्थापनाको समयमा पब्लिक कलेजहरू समेतलाई सरकारले स्वामित्व लिएको घोषणा गरी त्रि.वि. मा गाभिएको

(२१) १९७२ मा नयाँ शिक्षा पद्धति लागू गर्दा त्रि.वि. लाई सरकारी स्वामित्वको विश्वविद्यालय घोषणा गरिएको

(२२) वर्तमान अवस्थामा देशको करिब ९० प्रतिशत उच्च शिक्षाको भार लिएको अवस्था

(२३) नयाँ कर्मचारी भर्ना सम्बन्धमा प्रतिस्पर्धात्मक परीक्षा पद्धती खासगरी व्यवसायिक र पेशागत क्षमताका आधारमा गरिनुपर्ने हुन्छ

(२४) कर्मचारीहरुको भर्ना गर्दा खासगरी सहायक स्तर देखि नै कम्प्युटर ज्ञान र अंग्रेजी टाइपिङ्ग क्षमतालाई अनिवार्य गराउनु पर्ने

(२५) कर्मचारीहरुको वृत्ति विकासका लागि समय समयमा पुनर्ताजगी एवं अन्य स्थानिय एवं देश वाहिर समेत तालिम दिने व्यवस्था गर्नु पर्ने

(२७) पुराना कर्मचारीहरुलाई आवश्यकता अनुसार Golden handshake को प्रावधान गरी सो अनुसार व्यवस्था गर्ने

## ७. केन्द्रीय विश्वविद्यालय हुनका लागि आवश्यक आधारहरू

(१) राष्ट्रिय स्तरको नेतृत्वदायी विश्वविद्यालय

(२) विश्वविद्यालय ऐनद्वारा स्थापित

(३) विश्वविद्यालय अनुदान आयोगबाट मान्यता प्राप्त

(४) केन्द्रीय सरकारद्वारा आर्थिक व्ययभार वहन गर्ने

(५) राष्ट्र प्रमुख कुलपति हुने

(६) राष्ट्र प्रमुखले उपकुलपति र केही कार्यकारी पदहरूमा नियुक्ति गर्ने

(७) उपकुलपति नियुक्तिका सम्बन्धमा सम्बन्धित मन्त्रीले कुलपतिलाई सघाउने

(८) राष्ट्रको सर्वाङ्गिण विकासका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने

(९) सवै तहका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने

(१०) शिक्षण, अनुसन्धान र परामर्शको काम गर्ने

(११) प्राविधिक र अन्य संकायहरूको विश्वविद्यालय

(१२) विश्वस्तरको विश्वविद्यालय

(१३) पेशागत विकासका कार्यक्रमहरू समावेश हुनु पर्ने

(१४) विश्वविद्यालयको समग्र विकासका लागि छोटो र लामो दुईखाले रणनीतिक योजना हुनु पर्ने

(१५) प्रत्येक संकाय र अध्ययन संस्थान र अनुसन्धान केन्द्रको आ-आफ्नै रणनीतिक योजना हुनु पर्ने।

(१६) दूर शिक्षा, ई शिक्षा, अनलाइन शिक्षाको व्यवस्था

(१७) प्रवेश परीक्षाको व्यवस्था

(१८) विदेशी विद्यार्थी भर्नाको व्यवस्था

(१९) मूल्याङ्कन प्रणाली : सेमेस्टर व्यवस्था, निरन्तर मूल्याङ्कन, आन्तरिक मूल्याङ्कन एवं बाह्य मूल्याङ्कनको व्यवस्था

(२०) क्रेडिट ट्रान्सफरको व्यवस्था

(२१) स्टाफका लागि आइटी शिक्षा सेवा प्रवेशका लागि अपरिहार्य अवस्था हुनु पर्ने

(२२) आकर्षक तलब सुविधा

(२३) विश्वविद्यालयको आफ्नै प्रसारण (Broadcasting) को सुविधा हुनु पर्ने

(२४) खेलकुद लगायत अतिरिक्त क्रियाकलापको व्यवस्था

(२५) शिक्षक तथा कर्मचारीहरूको निरन्तर वृत्ति विकासको व्यवस्था

(२६) समयानुकूल परिमार्जित पाठ्यक्रम

(२७) अनुसन्धान जर्नलको प्रकाशन

(२८) अन्तर्राष्ट्रिय सहकार्यको प्रावधान

(२९) प्राज्ञिक/शैक्षिक र औद्योगिक क्षेत्रसँग सहकार्य

(३०) शिक्षक र विद्यार्थी अनुपात कायम भएको

(३१) कार्यरत शिक्षकलाई एम.फिल. र पी.एचडी. का लागि सुविधा सहितको प्रावधान

(३२) शिक्षणको माध्यम अंग्रेजी हुनुपर्ने

(३३) शिक्षक र कर्मचारीका लागि पूर्णकालीन व्यवस्था

(३४) नेतृत्वदायी क्याम्पसको प्रावधान

(३५) प्रत्येक ३ बर्षमा शिक्षक र कर्मचारीहरूको सिंहावलोकनको व्यवस्था

(३६) शिक्षण र अनुसन्धानका लागि बजेटमा अनुपात छुट्याउनुपर्ने

(३७) शैक्षिक योग्यता, तालिम, अनुसन्धान र प्रकाशनका आधारमा पदोन्नतिको व्यवस्था

(३८) केही समयको अन्तराल पछि फ्याकल्टी बारे पुनर्ताजगी तालिमको व्यवस्था

(३९) उच्च शिक्षा करको व्यवस्था

(४०) सम्बन्धित मन्त्रालयबाट व्यवहारिक अनुसन्धानका लागि थप रकमको व्यवस्था हुनुपर्ने

(४१) ज्ञान वृद्धि सम्बन्धी अनुसन्धानको दायित्व विश्वविद्यालयको रहने

हाम्रा छिमेकी देशहरूमा केन्द्रीय विश्वविद्यालय/नेशनल विश्वविद्यालय सम्बन्धी नीति तथा नियमहरू के के छन्, तिनीहरूको स्वरूप र संरचना के के छन्, तिनीहरू के

कोरिया, जापान आदि देशहरूको उदाहरण हाम्रा लागि सान्दर्भिक हुने छ । त्यसैले त्यस्ता विश्वविद्यालय बारे व्यवस्थित जानकारी लिन आवश्यक देखिन्छ

## ८. त्रि.वि.लाई केन्द्रीय विश्वविद्यालय बनाउन आवश्यक थप आधारहरू

त्रिभुवन विश्वविद्यालयलाई केन्द्रीय विश्वविद्यालय बनाउन आवश्यक निम्न लिखित थप आधारहरूको व्यवस्था गर्नुपर्ने :

(१) अध्ययन, अध्यापन र अनुसन्धानका कार्यक्रमहरू सँगै लानुपर्ने हुँदा अनुसन्धानको लागि छुट्टै बजेटको व्यवस्था हुनुपर्ने

(२) राष्ट्रका लागि माग कम भएका कार्यक्रमहरूलाई समायोजन गर्दै नयाँ कार्यक्रमहरू थप्दै लाने

(३) विद्यार्थी भर्नाको कोटा निर्धारण गर्नु पर्ने

(४) सबै विषयहरुमा सेमेष्टर प्रणाली लागू गर्नुपर्ने

(५) शैक्षिक एवं प्राज्ञिक आधारमा शिक्षकको पदोन्नति गर्ने व्यवस्था हुनुपर्ने

(६) शिक्षकहरूको वृत्तिविकासका लागि एम.फिल. एवं विद्यावारिधीका साथै हरेक ३/३ वर्षमा पुनर्ताजगी तालिमको व्यवस्था हुनुपर्ने

(७) शिक्षक कर्मचारीलाई अनिवार्य सूचना प्रविधिको समयानुकुल तालिम दिनुपर्ने

(८) हरेक शिक्षकले प्राज्ञिक एवं व्यवहारिक अनुसन्धान अनिवार्य गर्नुपर्ने र सोको प्रतिफल सरोकारवालालाई उपयुक्त माध्यमबाट जानकारी गराउनुपर्ने

(९) अनुसन्धान पत्रिका प्रकाशित गर्नुपर्ने

(१०) आङ्गिक र सम्वन्धन प्राप्त क्याम्पसहरूको अनुपात निर्धारण गर्नुपर्ने

(११) हरेक वर्ष त्रि.वि.को परीक्षाफलको विश्लेषण एवं मूल्याङ्कन गर्नुपर्ने

(१२) नियमित रूपले क्याम्पस अनुगमनको व्यवस्था गर्नुपर्ने

(१३) मापदण्ड पूरा नभएका र निश्चित उत्तिर्ण प्रतिशतभन्दा कम विद्यार्थी उत्तिर्ण भएका क्यम्पसहरू खारेज गर्ने व्यवस्था हुनुपर्ने

(१४) शिक्षक कर्मचारीको मूल्याङ्कन गरी पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्ने

(१५) वौद्धिक सम्पत्ति सम्वन्धि अधिकारको संरक्षण गर्ने निकायको व्यवस्था हुनुपर्ने

(१६) विश्वविद्यालयका हरेक क्याम्पस कार्यालयमा सुरक्षा युनिटको व्यवस्था हुनुपर्ने

(१७) अपाङ्गमैत्री व्यवस्था मिलाउनुपर्ने

(१८) विभिन्न विषयमा के-कस्ता अनुसन्धानको आवश्यकता छ त्यसको निर्क्योल गर्नुपर्ने

(१९) हरेक क्याम्पस/विभाग/कार्यालयमा इन्टरनेट, वाइफाई र ई लाइब्रेरीको पहुँच हुनुपर्ने

(२०) संसारका अनेक विश्वविद्यालयहरूमा व्यवस्था भए झैं पियर रिभ्यु लेखहरूको आधारमा पि.एचडी. उपाधि दिने व्यवस्थाका सम्बन्धमा समेत वैकल्पिक व्यवस्थाका रूपमा विचार गर्नु पर्ने

(२१) अन्तर्राष्ट्रिय स्तरका पाठ्यक्रम र पाठ्यपुस्तकहरुको प्रयोगमा प्रोत्साहन गरिनुपर्ने ।

(२२) विश्वविद्यालय अन्तर्गत आवश्यकता अनुसार अनुसन्धान निकाय स्थापना गरिनुपर्ने

(२३) विदेशी विश्वविद्यालयहरूसँग बेलाबेलामा आगन्तुक प्राध्यापकहरु आदान प्रदान गर्ने व्यवस्था गर्ने

(२४) विभिन्न विषयका ख्यातिप्राप्त अन्तर्राष्ट्रिय स्तरका प्राध्यापक एवं वैज्ञानिकहरूलाई विश्वविद्यालयमा आमन्त्रित गरी वहाहरूवाट प्राज्ञिक उन्नयनका लागि सहयोग लिने संस्कृतिको विकास गर्ने

(२५) अध्ययन संस्थान र संकायहरूको छुट्टाछुट्टै भवन हुनुपर्ने

(२६) त्रि.वि.लाई केन्द्रीय विश्वविद्यालय बनाउन त्रि.वि. ऐन २०४९ को संशोधन हुनुपर्ने

## ९. केन्द्रीय विश्वविद्यालयको आधारभूत चरित्र

### ९.१ सरकारको दायित्व

विश्वविद्यालयको पूर्वाधार विकास तथा संचालनको आर्थिक दायित्व सरकारको हुने गर्छ। यसका सेवा र सुविधाहरू सोही बमोजिम परिभाषित हुने गर्छन्।

### ९.२ जनशक्ति विकासको दायित्व

सरकारको विकास योजना अनुरूप योजना आयोगबाट प्रक्षेपित भए बमोजिमका जनशक्तिहरूको उत्पादनको दायित्व विश्वविद्यालयको हुने गर्छ।

यसका अतिरिक्त विश्वव्यापिकरण र यसले सिर्जना गरेको वजारको माग वमोजिमको प्रतिस्पर्धी जनशक्ति उत्पादन विश्वविद्यालयले गर्नुपर्दछ।

### ९.३ अनुसन्धानमा आधारित विश्वविद्यालय

विश्वविद्यालय पठन पाठनका साथै अनुसन्धानमा आधारित हुनुपर्दछ। यसवाट सरकारको नीति निर्माणमा भएका चुनौतिहरू सम्बोधन हुने छन् भने उत्पादनका क्षेत्रहरूमा उत्पादकत्व बृद्धि गर्न विभिन्न विकल्पहरू उपलब्ध हुने छन्।

यसको लागि सरकारले आफ्ना मन्त्रालयहरूमा निश्चित प्रतिशत (कम्तिमा ५%) बजेट प्राज्ञिक एवं व्यवहारिक अनुसन्धानको लागि छुट्याउनु पर्छ र मन्त्रालयहरूका समस्याका क्षेत्रहरू पहिचान गरी निकासको लागि अनुसन्धान गर्न यो विश्वविद्यालयवाट प्रस्तावहरू माग्नु पर्छ। सरकार या मन्त्रालय आफैले अनुसन्धान नगरी विश्वविद्यालयहरुलाई अनुसन्धानको जिम्मेवारी प्रदान गर्नुपर्दछ। सोका लागि नेपाल सरकारले आफ्नो प्रत्येक आर्थिक वर्षका वजेटमा व्यवस्था गर्नुपर्ने हुन्छ।

### ९.४ गुणस्तरको केन्द्र

केन्द्रीय विश्वविद्यालय भनेको सरकारको लागि नीतिगत सल्लाह, सुझाव तथा आधारहरू (inputs) दिने ठाउँ हो। योजना आयोगले विभिन्न योजनाहरू वारे निर्णय गर्दा आवश्यक तथ्य तथ्याङ्कहरू सहितका आधारहरू उपलब्ध गराउने काम

तथा तथ्याङ्कहरू विश्वविद्यालयले आफूले सञ्चालन गरेका अनुसन्धानबाट प्राप्त गरे बमोजिम उपलब्ध गराउँछ। यसरी गरिएका निर्णयहरू ठोस र प्रभावकारी हुनु स्वभाविक हो।

केन्द्रीय विश्वविद्यालयले विभिन्न समयमा उठेका राष्ट्रिय मुद्दाहरूको निकास के हुनु पर्छ या कसरी सम्बोधन गर्नु पर्छ भन्ने दृष्टिकोण दिनु पर्छ। यो दृष्टिकोणको आधारमा राजनीतिक नेता तथा सरकारले निर्णय गर्दछन्।

### ९.५ सहकार्यको संस्कृति

विश्वविद्यालय शिक्षा र बौद्धिक ज्ञान सृजना गर्ने ठाउँ मात्र होइन, यसले समाजमा उत्पादकत्व बृद्धि गर्ने जनशक्ति विकास गर्नु पर्छ। अर्थात् उत्पादनका क्षेत्रहरूमा उत्पादकत्व बृद्धि गर्ने तथा समाजमा प्रभावकारी सेवा उपलब्ध गराउने जनशक्ति विश्वविद्यालयले उत्पादन गर्नु पर्छ। यसको लागि प्राविधिक शिक्षा उद्योग व्यवसाय लगायत सरोकारको क्षेत्रसँग सहकार्य गर्नु पर्छ भने सामाजिक विज्ञान शिक्षा समाजसँग प्रत्यक्ष जोडिएका क्षेत्रहरूसँग सहकार्य गर्नु पर्छ।

### ९.६ सुशासन

विश्वविद्यालयको आर्थिक एवं प्रशासनिक ऐन, नियम, कानून र कार्यविधिलाई मूर्तरुप दिन नसक्दा सुशासनमा व्यापक प्रभाव पर्ने हुँदा असल सुशासन व्यवस्था कायम गर्ने विभिन्न संयन्त्रहरु निर्माण गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ।

## ०. विश्वस्तरको विश्वविद्यालयको पहिचानका आधारहरू

विश्वस्तरको विश्वविद्यालयको पहिचानका लागि निम्नानुसार आधारहरू रहेको पाइन्छ :

(क) **शिक्षाको गुणस्तर :**

विश्वविद्यालयले उत्पादन गरेको जनशक्तले व्यवसायिक तथा सामाजिक क्षेत्रमा प्राप्त गरेका उपलब्धिहरूले शिक्षाको गुणस्तर झल्काउँदछन्।

(ख) **अनुसन्धान र त्यसको प्रयोग :**

प्राध्यापकहरूले व्यवसायिक तथा सामाजिक क्षेत्रमा प्राप्त गरेका उपलब्धिहरू तथा उनीहरूले गरेका अनुसन्धानहरूलाई के कति ठाउँबाट सन्दर्भ सामग्रीको रूपमा ग्रहण गरियो भन्ने कुराको विशेष महत्त्व हुने गर्दछ।

(ग) कृति प्रकाशन

अनुसन्धान गरी तयार गरिएका स्तरीय कार्यपत्रहरू विश्वस्तरमा स्थापित जर्नलहरूमा (peer reviewed विशेषज्ञहरूको समूहले कार्यपत्रको गुणस्तर जाँच गर्ने) कति संख्यामा छापिए भन्ने कुरा पनि मापनको आधार हो। यिनै जर्नलमा प्रकाशित कृतिहरुको Rating गरी सोही अनुसार संकाय र अध्ययन संस्थानका प्राध्यापकहरुलाई अनुसन्धानका लागि वजेट व्यवस्था गर्नुपर्ने हुन्छ।

(घ) **बौद्धिक उपलब्धिको सघनता :**

विश्वविद्यालयमा भएका अनुसन्धान कार्यहरू र त्यसबाट प्राप्त गरेका उपलब्धिहरू (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कारहरू, पेटेन्ट अधिकार, कार्य पत्रहरू आदि) लाई निश्चित अङ्क राखी त्यसलाई प्राध्यापकहरूको संख्याले भाग गर्दा यस्तो बौद्धिक सघनता सूचक आउँछ।

(ङ) **अन्तर्राष्ट्रिय सम्बन्ध र सहकार्य :**

विभिन्न विश्वविद्यालयहरूबीच अनुसन्धान र अध्ययन अध्यापनमा के कति सहकार्य भए भन्ने कुरा अर्को मापन हो। विभिन्न देशका विद्यार्थीहरूको उपस्थितिले गुणस्तर प्रतिको आकर्षण देखाउँदछ।